# गण्डकी प्रदेश सभा

## आठौं अधिवेशन

### बैठक संख्या -१३

### सूचनापत्र - २

### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल असार ५ गते, विहिबार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:२४** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो । शुन्य समयमा **माननीय भिम बहादुर कार्की, माननीय लिल बहादुर थापा मगर, माननीय सुधिर कुमार पौडेल, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारीले** समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक** अनुमान माथिको बाँकी सामान्य छलफल प्रारम्भ भयो । उक्त सामान्य छलफलमा **माननीय अशोक कुमार श्रेष्ठ, माननीय सिता कुमारी सुन्दास, माननीय सुशिला सिंखडा, माननीय पञ्चराम गुरुङ, माननीय विकल शेरचन, माननीय भक्त बहादुर कुँवर, माननीय रेशम बहादुर जुग्जाली, माननीय रेखा गुरुङ, माननीय राज कुमारी भुजेल, माननीय भोजराज अर्याल, माननीय श्यामराजा महत, माननीय जित बहादुर शेरचन र माननीय गणेशमान गुरुङले** भाग लिनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान माथि**को सामान्य छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय सभामुखले गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल समाप्त भएको** जानकारी सभालाई गराउनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले गण्डकी प्रदेश सरकारको "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात **गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिका माननीय सभापति चम्पादेवी खड्काले प्रदेश मामिला तथा कानून समितिको वार्षिक प्रतिवेदन, २०८२** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय **सभामुखले आगामि बैठक २०८२ साल असार ६ गते विहान ११ बजे बस्नेगरी ३:०१** बजे स्थगित गर्नुभयो।

......................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव